**वैदेशिक रोजगारीमा गई मृत्यु/अंगभंग भएका, रोजगारीमै रहेका वा फर्किएका व्यक्ति र परिवारका सदस्यहरुलाई स्वयं सेवक कर्मचारीसम्बन्धी आन्तरिक मापदण्ड, २०८२**

स्वीकृति मिति : २०८२/०४/०६

प्रस्तावना

वैदेशिक रोजगार बोर्डको सचिवालयले **स्वयं सेवक कर्मचारी** पदपूर्ति गर्ने प्रयोजनको लागि यो मापदण्ड बनाई लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** मापदण्डको नाम "वैदेशिक रोजगारीमा गई मृत्यु/अंगभंग भएका, रोजगारीमै रहेका वा फर्किएका व्यक्ति र परिवारका सदस्यहरुलाई स्वयं सेवक कर्मचारी सम्बन्धी आन्तरिक मापदण्ड, २०८२" रहेको छ ।

२. परिभाषा :

- "कार्यकारी निर्देशक" भन्नाले वैदेशिक रोजगार बोर्डको सचिवालयका कार्यकारी निर्देशकलाई जनाउनेछ ।
- "छनौट समिति" भन्नाले यस मापदण्डको दफा-४ बमोजिम गठन भएको समितिलाई जनाउनेछ।
- "बोर्ड" भन्नाले वैदेशिक रोजगार बोर्डलाई जनाउनेछ ।
- "सचिवालय" भन्नाले वैदेशिक रोजगार बोर्डको सचिवालयलाई जनाउनेछ ।

३. योग्यता

- १०+२ उतीर्ण गरेको हुनुपर्ने। स्नातक उतीर्ण भएमा short listing मा थप अंक प्राप्त हुने।
- पारिवारिक आधारः मृत्यु/अंगभंग भएका, वैदेशिक रोजगारीमै रहेका वा फर्किएका व्यक्ति र परिवारका सदस्य हुनुपर्ने।
- कम्प्युटरसम्बन्धी आधारभूत ज्ञान भएको।
- १८ बर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० बर्ष ननाघेको नेपाली नागरिक हुनुपर्ने ।

**४. छनौट समितिः स्वयं सेवक कर्मचारी** छनौटका लागि देहाय अनुसारको एक छनौट समिति हुनेछः

१) कार्यकारी निर्देशक, वैदेशिक रोजगार बोर्डको सचिवालय - संयोजक

२) प्रतिनिधि उपसचिवस्तर (सामी कार्यक्रम हेर्ने), श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय -सदस्य



कार्यकारी निर्देशक

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार बोर्डको सचिवालय
२०६४

३) प्रमुख, प्रशासन तथा योजना शाखा, वैदेशिक रोजगार बोर्डको सचिवालय, -सदस्य-सचिव

छनौट समितिले आवश्यकताअनुसार सहयोग गर्न आमन्त्रित एवं अन्य कर्मचारी खटाउन सक्नेछ। समितिका पदाधिकारी, आमन्त्रित एवं सहयोगी कर्मचारीलाई बैठकमा उपस्थित भएवापत नियमानुसार बैठक भत्ता उपलब्ध हुनेछ ।

**५. छनौट प्रकृया**

- आवेदन आवहवानका लागि सूचना प्रकाशन गर्ने।
- आवदेन संकलन गर्ने।
- प्राप्त आवेदनहरु मध्ये short listed उम्मेद्वारको सूची तयार गर्ने।
- मापदण्डको दफा-८ बमोजिमको कुल प्राप्तांकका आधारमा छनौट गर्ने।
- नियुक्तिका लागि सचिवालयमा सिफारिस गर्ने।

**६. आवेदनकासाथ पेश गर्नुपर्ने कागजात**

- नेपाली नागरिकताको प्रतिलिपि
- न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपि
- पासपोर्ट साईजको फोटो सहितको बायोडाटा
- कार्ययोजना सहितको कम्तिमा २ पेजको प्रस्तावना
- आफैंले हस्ताक्षर गरेको आवेदन।

**७. Short Listing का आधारहरु (५० अंक)**

**७.१) शैक्षिक योग्यता (कुल २० अंक)**

क. शैक्षिक योग्यता- १०+२ (प्रथम श्रेणी -१५ अंक, द्वितीय श्रेणी १०अंक र तृतीय ५ अंक)
ख. स्नातक तह - (प्रथम श्रेणी ५ द्वितीय श्रेणी ३अंक र तृतीय २ थप अंक प्राप्त गर्ने )
(3.61 above First Division, 2.81 above 3.6 second division , 2.00 above 2.8 third division कायम गरी अंक प्रदान गरिनेछ ।)

**७.२) पारिवारिक आधार (कुल २० अंक)**

क) मृत्यु भएका परिवार सदस्यः २० अंक

ख) अंगभंग भएका श्रमिकः १५ अंक

ग) रोजगारीमै रहेका वा फर्किएका व्यक्ति र परिवारका सदस्यः १० अंक

**७.३) कम्प्युटरको दक्षता सम्बन्धी प्रमाणपत्रः १० अंक**

कार्यकारी निर्देशक

- आधारभूत स्तरको तालिम प्रमाणपत्र भएको ५ अंक (एक महिना देखि ३ महिनासम्म)
- ३ महिनाभन्दा बढी अवधिको तालिमः १० अंक

८) **छनौटको प्रक्रियाः** Short List मा परेका सबै उम्मेदवारलाई मिति, समय र स्थान तोकी व्यक्तिगत अन्तर्वार्ता लिइनेछ।

व्यक्तिगत अन्तर्वार्ता (कुल ५० अंक)

९. छनौट समितिले उपदफा-७ र ८ अनुसार प्राप्त छनौट मूल्यांकन र व्यक्तिगत अन्तर्वार्ताको औषत निकाली सूची तयार गर्नु पर्नेछ।

१०. दफा-९ बमोजिम जोड्दा कुल प्राप्तांक अनुसार सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेद्वारलाई नियुक्तिको लागि सचिवालयलाई सिफारिस गरिनेछ ।

११. दफा-१० बमोजिम सिफारिस गर्दा सम्भव भएसम्म वैकल्पिक उम्मेदवार समेत सिफारिस गर्नुपर्नेछ ।

१२. दफा -११अनुसार सिफारिस भएको उम्मेद्वारले सात दिनभित्र नियुक्तिको लागि सचिवालयमा उपस्थित हुनु पर्नेछ। उक्त अवधिभित्र उपस्थित नभएमा सचिवालयले वैकल्पिक उम्मेदवारलाई नियुक्त गर्नेछ ।

१३. **स्वयं सेवक कर्मचारीको** कार्यबिबरण अनुसुची - ४ अनुसार हुनेछ ।

१४. यो मापदण्ड कार्यान्वयन गर्ने क्रममा कुनै बाधा अड्काउ भएमा सचिवालयले निर्णय गरी फुकाउनेछ।